**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०१ मार्च २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- सर्वोच्च न्यायालयको निर्देशलाई पालन गर्दैएनिर्वाचन आयोगले विशेष गहन पुनरीक्षण.एसण्आईण्आरण पछि पश्चिम बंगालको अपूर्ण अंतिम मतदाता सूची प्रकाशित गरिएको छ।
- भारतीय जनता पार्टीका राष्टीय अध्यक्ष नितिन नवीनले आज राज्यको कूचबिहारबाट पार्टीको परिवर्तन संकल्प यात्रालाई हरियो झण्डा देखाएर प्रस्थान गराउनुभयो।
- भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले मतदाता सूचीमा धेरै मतदाताको नाम काटिएको घटनालाई गम्भीर मुद्दा बताउँदै सबैले राजनीति छोडेर सहयोग गर्नुपर्ने बताएका छन्।
- विधानसभा चुनाव २०२६ को आधिकारिक तारिखको घोषणा हुन अघि राज्यको बिभिन्न जिल्लाहरुमा कुनै प्रकारको अप्रिय घटनाबाट बाच्नको निम्ति केन्द्रीय सुरक्षा बलहरूको तैनाथी भइरहेको छ।
- पश्चिम बंगालका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टचार्यको जयन्तीको अवसरमा मुख्यमन्त्री ममता ब्यनर्जीले आज उहालाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

**<u>बंगाल मतदाता सूची</u>**

सर्वोच्च न्यायालयको निर्देशलाई पालन गर्दै निर्वाचन आयोगले विशेष गहन पुनरीक्षण, एसआईआर पछि पश्चिम बंगालको अपूर्ण अंतिम मतदाता सूची प्रकाशित गरिएको छ। सूची अनुसार राज्यमा कुल मतदाताहरुको संख्या ६ करोड़ ४४ लाख ५२ हजार ६०६ छ।

*यसको अतिरिक्त ६० लाख ६ हजार ६७५ मतदाताहरुको नाम हाल विचाराधीन रहेको छ। मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नुभयो.मसौदा प्रकाशित भएको समय मतदाताहरुको कुल संख्या ७ करोड़ ८ लाख १६ हजार ६३० थियो। विशेष गहन पुनरीक्षण अवधि नामहरुलाई समावेश गर्ने र हटाएपछिको अंतिम सूचीबाट ५ लाख ४६ हजार ५३ नामहरु हटाइएको छ। मसौदा सूचीमा नै ५८ लाख २० हजार भन्दा अधिक नाम हटाइएको थियो।यस प्रकार आजसम्म कुल ६३ लाख ६६ हजार ६५२ नाम हटाइसकिएको छ।मुख्य निर्वाचन अधिकारीले भन्नुभयो. यद्यपि कोही पनि नाम गलतीका कारण हटाइएको छ भने त्यसलाई पुनः समावेश गर्ने प्रक्रिया छ।सम्बन्धित मतदाताहरु आगामी १५ दिनसम्ममा शिकायत अनि आपत्ति दर्ता गर्नसक्नेछन्। सबै मतदान केंद्रहरुमा अंतिम सूची प्रकाशित गरिएको छ भने निर्वाचन पंजीकरण अधिकारिहरु र सहायक निर्वाचन पंजीकरण अधिकारिहरुको कार्यालयहरुमा जनताको लागि उपलब्ध रहेको छ। मान्यता प्राप्त राजनीतिक दलहरुलाई यसको प्रतिहरु अगावै दिईसकिएको छ।यसको अतिरिक्तए निर्वाचन आयोग र राज्यका मुख्य निर्वाचन अधिकारीको वेबसाइटसितै ईसीआई नेट ऐपको माध्यमबाट आफ्नो ईपीआईसी नंबरको उपयोग गर्दै मतदाताले आफ्नो नाम सूचीमा हेर्न सक्नेछन्।*

**<u>SIR</u>**

पश्चिम बंगालमा हिज साझ चुनाव आयोगले राज्यको अंतिम मतदाता सूची जारी गरेको छ। यस नयाँ सूचीमा सबैलाई चकित पार्ने आंकडा अंडर एडजुडिकेशन अर्थात् विचाराधीन श्रेणीमा रहेको छ जसमा राज्यको लगभग ६० लाख ६ हजार ६७५ मतदाताहरुलाई संदिग्ध मान्दै उनीहरुको मतदान अधिकारमाथि अहिलेलाई रोक लगाईएको छ।

*यी मतदाताहरुको नागरिकता अनि दस्तावेजहरुको वैधता अब न्यायिक प्रक्रियाको अधीनमा छ। उनीहरुको नाम मतदाता सूचीमा रहनेछ वा छैन एयसको निर्णय उच्चतम न्यायालयको आदेश अनुसार उच्च न्यायालयको न्यायिक बेंचले गर्नेछ। यसको सुनवाई लगातार चलिरहेको छ अनि राज्यमा चुनावको घोषणा पुर्व यो प्रक्रिया पुरा गरिने दावा गरिएको छ। चुनाव आयोगको आकडाले स्पष्ट रूपमा दर्शाउदछ कि संदिग्ध मतदाताहरुको सबैभन्दा ठुलो संख्या ती जिल्लाहरुमा रहेको छ जसको सीमा सिधा रुपमा बांग्लादेशसित जोडिएको छ। यी इलाकाहरुमा लामो समय देखि अवैध घुसपैठ अनि मतदाता सूचिहरुमा फेरबदलको आरोप लाग्ने गरेको छ। आकडाहरु अनुसार मुर्शिदाबाद जिल्ला यस मामलामा सबैभन्दा माथि रहेको छ जहां ११ लाख एक हजार १४५ मतदाताहरुको नाम संदिग्ध पाईएको छ। यो संख्या राज्यभरिकै संदिग्ध मामलाहरुको लगभग १८ प्रतिशत हो जसले जिल्ला स्तरमा धेरै ठूलो विसंगतिलाई दर्शाउद छ। मुर्शिदाबादपछि मालदा जिल्लाको स्थिति सबैभन्दा अधिक चिंताजनक अनि संवेदनशील रहेको छ जहाँ आठ लाख २८ हजार १२७ मतदाताहरुलाई संदिग्ध श्रेणीमा राखिएको छ।*

**विरोध प्रदर्शन**

उत्तर २४ परगना जिल्लाको गायघाटामा आज मतदाता नामावलीबाट नाम हटाइएको विरोधमा मतुआ समुदायको मानिसहरूले विरोध प्रदर्शन गरयो। प्रदर्शनकारीहरूले यशोर रोडलाई जाम गरेर टायर जलाए अनि प्रशासन विरूद्ध नाराबाजी गरे। प्राप्त जानकारी अनुसार हिज प्रकाशित अन्तम मतदाता नामावलीमा बनगांव महकुमाको चार विधानसभा सीटहरूबाट ठूलो संख्यामा मानिसहरूको नाम हराएको पाए। प्रदर्शनकारीहरूले दावा गरे अनुसार नामावलीबाट हटाइएको व्यक्तिहरूको नाममा मतुआ शरणार्थी समुदायको मानिसहरूको संख्या सर्वाधिक छ। घटनाको सूचना प्राप्त हुन साथै पुलिस बलले घटनास्थलमा पुगेर प्रदर्शनकारीहरूलाई सम्झाउने कोशिश गरयो साथै विशेष व्यवस्था सुनिश्चित गर्ने आश्वासन पनि दिईएको छ।

**पश्चिम बंगाल परिवर्तन यात्रा**

भारतीय जनता पार्टीका राष्टीय अध्यक्ष नितिन नवीनले आज राज्यको कूचबिहारबाट पार्टीको परिवर्तन संकल्प यात्रालाई हरियो झण्डा देखाएर प्रस्थान गराउनुभयो। रसमणि मेला मैदानमा पार्टी कार्यकर्ताहरूलाई सम्बोधन गर्दै उहाले भन्नुभयोए विशेष गहन पुनरीक्षण प्रक्रियाको माध्यमबाट राज्यको मतदाता नामावलीबाट ५ लाखभन्दा अधिक अवैध मतदाताहरूलाई हटाइएको छ। श्री नवीनले विशेष गहन पुनरीक्षणको विरोध गर्ने तृणमूल कंग्रेसमाथि प्रश्न उठाउनु भयो। उहाले राज्य सरकारमाथि कुशासनए भ्रष्टाचार अनि तुष्टीकरणको आरोप लगाउनु भयो। पश्चिम बंगाल भाजपा अध्यक्ष सामिक भट्टचार्यले सत्तारूढ़ पार्टीमाथि भोट ब्यांकको राजनीतिको निम्ति अवैध घुसपैठलाई प्रोत्साहित गरेको आरोप लगाउनु भयो। पांच स्थलहरूबाट आज शुरू भएको यो यात्राले बिभिन्न विधानसभा क्षेत्रहरूलाई कवर गर्दै कलकताको ब्रिगेड ग्राउण्डमा समाप्त हुनेछ।

**केन्द्रीय बल तैनाथी**

विधानसभा चुनाव २०२६ को आधिकारिक तारिखको घोषणा हुन अघि राज्यको बिभिन्न जिल्लाहरुमा कुनै प्रकारको अप्रिय घटनाबाट बाच्नको निम्ति केन्द्रीय सुरक्षा बलहरूको तैनाथी भइरहेको छ। उत्तर बंगालको महत्वपूर्ण केन्द्र सिलगढ़ी विधानसभा क्षेत्रमा पनि मतदान अनि मतगणनाको तारिख घोषित हुन अघि नै केन्द्रीय बलको तैनाथी गरिएको छ। प्रशासनिक सूत्र अनुसारए चुनाव अघि कानून व्यवस्थाको स्थिति सामान्य बनाई राख्न अनि मतदान प्रक्रियालाई निष्पक्ष एवं शान्तिपूर्ण ढंगमा सम्पन्न गराउने उद्देश्यले केन्द्रीय बलहरूको अग्रिम तैनाथी गरिन्दैछ। सूत्र अनुसार यो एउटा नियमित सावधानी कदम हो। यसै क्रममा आज बिहान हुगली जिल्लामा पनि केन्द्रीय बलका जवानहरूको एक दल तैनाथ गरिएको छ। प्राप्त जानकारी अनुसार पहिलो चरणमा पांच अनि पछिबाट तीन कम्पनी केन्द्रीय बल कमिश्नरेट क्षेत्रमा पुग्नेछ। यसभन्दा अघि नदिया अनि मालदा जिल्लामा पनि केन्द्रीय सुरक्षा बल पुगिसकेको छ। प्रशासनले बताए अनुसार केन्द्रीय बलहरूको यो अग्रिम तैनाथी मुख्य रूपमा आम मानिसहरू बीच सुरक्षाको विश्वास अनि मनोबल बढ़ाउने उद्देश्यले गरिन्दैछ। यद्यपि विपक्षी राजनीतिक दलहरूको एउटा वर्गले यस अग्रिम तैनाथीमाथि प्रश्न उठाएका छन्।

**बुद्धदेव भट्टचार्य श्रद्धाञ्जली**

पश्चिम बंगालका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टचार्यको जयन्तीको अवसरमा मुख्यमन्त्री ममता ब्यनर्जीले आज उहालाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। सोशल मीडिया प्लेटफर्म एक्समा एउटा पोस्ट साझा गर्दै मुख्यमन्त्रीले पश्चिम बंगालका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टचार्यको जयन्तीमा उहालाई मेरो श्रद्धाञ्जली भनेर लेख्नुभएको छ। उल्लेखनीय छ, पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टचार्यको ८२औं जयन्तीको उपलक्ष्यमा कोलकातामा अपरान्हपछि एक परिचर्चा कार्यक्रम आयोजना गरियो जसमा पूर्व राज्यसभा सांसद जवाहर सरकार मुख्य वक्ताका रूपमा उपस्थित हुनुहुन्थ्यो।

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले सम्पन्न एसआईआर मतदाता सूचीमा धेरै मतदाताको नाम काटिएको घटनालाई गम्भीर मुद्दा बताउँदै सबैले राजनीति छोडेर सहयोग गर्नुपर्ने बताएका छन्। मिरिकमा आयोजित पार्टीको चुनावी सभामा बोल्दै थापाले भन्नुभयो एसआईआर-को सूचीमा मतदाताको नाम हटाएर एक मतदाताको चिन्हारीलाई नै धूमिल पारेको छ। यो हाम्रो निम्ति गम्भीर कुरा हो। हाम्रो मतदाताको नाम काट्दा उसको आइडेन्टिटीनै हराएको छ। नाम काटिएको व्यक्ति को हो कहाँ को हो त्यो नै हराएको छ। थापाले SIR प्रक्रियामा नाम छुटेकाहरुको निम्ति पहल गर्ने बताउनुभएको छ।

**सिलगढ़ी चाय पे चर्चा**

सिलगढ़ीको विधान मार्केटस्थित एक पारम्परिक चिया पसलमा आज बिहान आयोजित चाय पे चर्चा कार्यक्रममा भाजपाका प्रदेश अध्यक्ष शमिक भट्टचार्य सामेल भए। यस अवसरमा विधायक शंकर घोष र सांसद राजू बिष्ट पनि उपस्थित थिए।कार्यक्रमलाई सम्बोधन गर्दै शमिक भट्टचार्यले भन्नुभयो- आज कुचबिहारबाट पार्टीको परिवर्तन यात्रा-को शुभारम्भ भाजपाका राष्ट्रिय अध्यक्ष नितीन नवीनले गर्नुहुनेछ। आगामी विधानसभा चुनाउमा यसपालि ममता ब्यनर्जीकोनेतृत्वमा रहेको अखिल भारतीय तृणमूल कंग्रेसले खाता समेत खोल्न नसक्ने उहाले दावी गर्नुभयो। जति-जति चुनाउ नजिकिँदै जाँदैछ उति-उति विशेष गहन पुनरीक्षण (एसआईआर)-को मुद्दालाई लिएर तृणमूल कंग्रेसभित्र भय बढ्दै गइरहेको छ। तथापि आम जनतालाई यसबाट कुनै समस्या नभएको उहाले दावी गर्नुभयो। यस कार्यक्रमलाई लिएर भाजपा समर्थकहरूमा विशेष उत्साह देखियो। पार्टी सूत्रअनुसार 'परिवर्तन यात्रा'- को मुख्य उद्देश्य राज्यका विभिन्न जिल्लाहरूमा पुगेर जनसम्पर्क बढ़ाउनु तथा संगठनलाई सशक्त बनाउनु हो।

**याशश्री फाउन्डेसन बिजनबारी**

स्थानीयवासीहरुको स्वास्थ समस्यालाई ध्यानमा राख्दै यशश्री फाउन्डेसनद्वारा बिजनबारीमा मेघा स्वास्थ्य शिविर सप्पन्न गरियो। स्थानीय चुङथुङ टार नजीक नव निर्मित भवन वृद्ध आश्रम भवनमा यशश्री फाउन्डेसनद्वारा आज मेघा स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न भयो। यस स्वास्थ्य जाँच शिविरमा नौ जना चिकित्सकहरु उपस्थित थिए भने शिविरमा वरिपरिको विभिन्न ग्रामसगै रेलिङ कैंजले, पुल बिजनबारी, चुङथुङ मेरिबोङ तामसाङ लिजाहिल, लिङ्गीय इत्यादि चिया कमानहरुबाट व्यापक रूपमा बिरामीहरू आफ्नो स्वास्थ्य उपचारको निम्ति आएका थिए। आज लगभग सात सय भन्दा अधिक मानिसहरुले आफ्नो उपचार गराए भने यसै दिन निःशुल्क रूपमा अधिकाधिक औषधीहरु पनि प्रदान गरियो। यस क्षेत्रमा यति बृहत रूपमा यस्तो स्वास्थ्य शिविरको आयोजन गरिएको थिएन। बिरामीहरूलाई खाना पानीको पनि बृहत रूपमा व्यवस्था गरिएको थियो भने आऊ जाउको निम्ति गाड़ी समेत व्यवस्था गरिएको थियो। यश श्री फाउन्डेसनका निर्देशक सदिप लामाले प्रतेक बिरामीहरुले आफ्नो नजीक ठाउँमानै सजिलो सँग आफ्नो रोगको उपचार गराउन सकुन भन्ने उद्धेश्यले मेघा स्वास्थ्य शिविरको आयोजन गरिएको बताउनुभएको छ।

**विमोचन**

बिजनबारी नगर पुस्तकालयद्वारा विशिष्ट सामयीकीको तेस्रो प्रकरण कालान्तर ३ को आज विमोचन गरियो। स्थानीय खण्ड बिकास कार्यलय स्थिति सम्पद भवन बिजनबरीमा आयोजित कार्यक्रममा साहित्यकार मोहन ठकुरी डिस्ट्रिक लाइब्रेरी अधिकारी अमृत सुब्बा, प्रोफेसर आर बी भुजेल, कवि मनप्रसाद सुब्बासगै क्षेत्रभरिका साहित्यिक सर्जकहरुको उपस्थिति रहेको थियो। साहित्यकार मनप्रसाद सुब्बाद्वारा सम्पादन गरिएको यो पत्रिका दुईवटा भाषामा रहेको छ भने यस पत्रीकाले क्षेत्रीय साहित्यमा महत्त्वपूर्ण भुमिका निभाउन सक्ने अपेक्षा गरिएको छ।

**श्रीमद् भागवत् पुराण लोवर रेलिङ**

दार्जिलिङ पुलबजार खण्डको रेलिङ ग्राम पञ्चायत अन्तर्गत तल्लो रेलिङमा आगामी ६ मार्चदेखि १३ मार्च सम्म श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको आयोजना भइरहेको छ। स्थानीय हनुमान मन्दिर परिसरको खेलमैदानमा सम्पन्न हुने यस अनुष्ठानमा प्रमुख कथावाचकको रूपमा कालेबुङबाट आचार्य पुष्पराज मिश्र उपस्थित रहनेछन् भने उपवाचकको

रुपमा आचार्य शिव पौडेल रहने छन्। यस धार्मिक अनुष्ठानमा सबैलाई आयोजक पक्षबाट हार्दिक निमन्त्रणा गरिएको छ।।

**नेवारी भित्ते क्यालेन्डर**

अखिल भारतीय नेवार सङ्गठन खर्साङ आन्चलिक समिति श्री भिमेश्वर मन्दिर पक्षबाट नेवारी भित्ते क्यालेन्डरको विमोचन आज श्री भिमेश्वर मन्दिर प्रागणमा नेवार सङ्गठनका सदस्यहरूको उपस्थितिमा सम्पन्न गरियो । सम्पूर्ण नेवारहरुले आफ्नो जातीको रीतिरिवाज कायम राख्न अनि नेवार जातीको पर्व जान्न सकून् भन्ने उद्देश्यले नेवारी भित्ते क्यालेण्डर छाप्नुको मुख्य उदेश्य रहेको छ।

**भारत दूध उत्पादन**

भारत दूध उत्पादनमा विश्वमा लगातार शीर्षमा बनिरहेको छ। विश्वको कुल दूध उत्पादनमा लगभग २५ प्रतिशतको योगदान भारतको हुदछ। वर्ष २०२४-२५ मा देशमा दूध उत्पाद २४ करोड़ ७० लाख टनभन्दा अधिक रहयो। सरकारले बताएको छ भारतको कृषि प्रगतिलाई पशु धन, दूध उत्पादन, कुखुरा पालन अनि मत्स्य पालन जस्ता क्षेत्रहरूबाट लगातार समर्थन प्राप्त भइरहेको छ।

**जीएसटी संग्रह फरवरी**

वस्तु एवं सेवा कर जीएसटी संग्रहमा पछिल्लो वर्ष फरवरीको तुलनामा यस वर्ष कुल आठ दशमलव एक प्रतिशतको वृद्धि दर्ता गरिएको छ। जीएसटी संग्रह यस वर्ष फरवरीमा एक लाख ८३ हजार करोड़ रुपियाँ भन्दा अधिक रह्यो। फरवरी २०२५ मा कुल जीएसटी संग्रह एक लाख ६८ हजार करोड़ रुपियाँ भन्दा अधिक थियो। यस वर्ष फरवरीमा केंद्रीय जीएसटी संग्रह ३७ हजार ४७३ करोड़ रुपियाँ र राज्य जीएसटी संग्रह ४५ हजार ६०० करोड़ रह्यो। एकीकृत आईजीएसटी संग्रह एक लाख करोड़ रुपियाँ भन्दा अधिक रह्यो।

****** ० ******